Nisdi Rural Municipality
Village Executive Office
Lumbini Province, Nepal
Mityal, Palpa

Purna Bahadur Chitaure
Chief Administrative Officer

निस्दी गाउँपालिका

गाउँ कार्यपालिकाको कार्यालय

मित्याल, पाल्पा

नदीजन्य पदार्थको विक्रीका लागि बोलपत्र दरभाउपत्र फारम

२०८३/०८४

ठेक्का नं.: **NCB/ NRM/REVENUE/2083/084-02**

घाटको विवरणः कालिगण्डकी घाट निस्दी -०१ बाकामलांग, पाल्पा ।

Nisdi Rural Municipality
Village Executive Office
Lumbini Province, Nepal
Mityal, Palpa

Purna Bahadur Chitaure
Chief Administrative Officer

निस्दी गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
मित्याल, पाल्पा, लुम्बिनी प्रदेश, नेपाल ।

नदीजन्य पदार्थ उत्खनन् संकलन तथा विक्री गर्ने कार्यको E-BID ठेक्का बन्दोबस्ती सम्बन्धी सूचना।

प्रथम पटक प्रकाशित मितिः २०८३/०८/०७

स्थानीय सरकार संचालन ऐन,२०७४ को दफा ६२ 'क' को उपदफा (१) तथा सोहि ऐनको दफा ११ को उपदफा २ को खण्ड घ को (६) बमोजिम र ढुङ्गा गिट्टी तथा बालुवा उत्खनन् बिक्री तथा व्यवस्थापन सम्बन्धी मापदण्ड २०७७ बमोजिम निस्दी गाउँपालिका, गाउँ कार्यपालिकाको नदीजन्य पदार्थ (ढुंगा, गिट्टी/मिक्स गिट्टी, बालुवा) उत्खनन् संकलन तथा विक्री मुल्य असुली गर्न तपशिल बमोजिमको खोला/नदीहरुबाट तोकिएको परिमाणमा ठेक्का बन्दोवस्त गर्नुपर्ने भएकोले ईजाजत प्राप्त फर्म वा कम्पनीको दर्ता प्रमाणपत्रको प्रतिलिपि (नविकरण सहित), मुल्य अभिवृद्धि कर दर्ता प्रमाणपत्र तथा आ.व.२०८२/०८३ सम्मको कर चुक्ता प्रमाणपत्रको प्रमाणित प्रतिलिपि पेश गरी ईजाजत प्राप्त ईच्छुक फर्म वा कम्पनीहरुले तोकिएको अवधि भित्र तपशिल बमोजिम शर्तको अधिनमा रहि बोलपत्र आह्वान गरिएको छ।

क्र.सं.	ठेक्का नं.	विवरण	उत्खनन्/विक्री योग्य परिमाण (घ.मि.)	न्यूनतम ठेक्का अंक रु (मु.अ.कर सहित)	बोलपत्र मुल्य (रु.)	कैफियत
	NCB/ NRM/REVENUE/ 2083/084-02	Collection and Extraction of Kaligandaki Ghat, Nisdi-01 Palpa.	11,880 Cum	33,56,309.088	3000/-	

- नदीजन्य पदार्थ (ढुंगा, गिट्टी/मिक्सगिट्टी, बालुवा र भरौट)को दर क्यु.फिट रु.८/०० मु.अ.कर बाहेक)
- बोलपत्र फारम निस्दी गाउँपालिकाको वेबसाइट अथवा कार्यालयमा गई खरिद गर्न सकिनेछ।
- बोलपत्र फारम रसिद खरिद गर्न स्थानीय राजश्व पोर्टल (Local Level Revenue Portal) मा गई निस्दी गाउँपालिकाको १४२२९- अन्य प्रशासनिक सेवा शुल्क बाट अथवा निस्दी गाउँपालिकाको (ग १.१ अन्तरिक राजस्व खाता — ०८७०५६०८१८७०३००६) बाट पनि भुक्तानी गर्न सकिनेछ।
- बोलपत्र पेश गर्ने अन्तिम मितिः २०८३/०८/१४ गते २:०० बजे सम्म
- विस्तृत सूचना र कार्यहरुको लागि गाउँपालिकाको वेवसाइट र www.nisdimun.gov.np मा गर्नुहुन अनुरोध छ। सम्पर्क नं. ९८५७०७९२१०, ९८५७०७९२०९ र ९८५७०७९२०५

Nisdi Rural Municipality
Village Executive Office
Lumbini Province, Nepal
Mityal, Palpa

Purna Bahadur Chitaure
Chief Administrative Officer

Bid Data Sheet

A. General
The Employer is: Nisdi Rural Municipality Office of Rural Municipal Executive Mityal, Palpa
For Clarification purpose only, the Employer's address is:
Attention : **Purna Bahadur Chitaure**
Address: Nisdi RM, office of Rural Municipal Executive, Mityal, Palpa
Telephone: **9857079210, 9857079209, 9857079205**
Electronic Mail: nisdi2007@gmail.com
B. Preparation of Bids
The language of the bid is English/ Nepal
The bid validity period shall be ***One Twenty (120) days***
Deposit amount shall be: **5% *of Quoted Amount (Including VAT)***
Bid Security Deposit Account Name of Office: Nisdi Rural Municipality Bank Name :Laxmi- Sunrise Bank Palpa branch Address: Nisdi-05, Dhunganabeshi Palpa Account number: 0870560818703003 Account Name : NISDI GAUNPALIKA GA 3.1 STHANIYA TAHA DHARAUTI KHATA **Bid Document Fee Payment Account** Name of Office: Nisdi Rural Municipality Bank Name : Laxmi-Sunrise Bank Palpa branch Address: Nisdi-05, Dhunganabeshi Palpa Account number: 0870560818703006 Account Name : NISDI GAUNPALIKA GA 1.1 ANTAKIR RAJASHWO KHATA

- बोलपत्र फारम रसिद खरिद गर्न स्थानीय राजश्व पोर्टल (Local Level Revenue Portal) मा गई निस्दी गाउँपालिकाको १४२२९- **अन्य प्रशासनिक सेवा शुल्क** बाट अथवा निस्दी गाउँपालिकाको (ग १.१ अन्तरिक राजस्व खाता — ०८७०५६०८१८७०३००६) बाट पनि भुक्तानी गर्न सकिनेछ।

Nisdi Rural Municipality
Village Executive Office
Lumbini Province, Nepal
Mityal, Palpa

Purna Bahadur Chitaure
Chief Administrative Officer

श्रीमान् प्रमुख प्रशासकीय अधिकृत ज्यू,

निस्दी गाउँपालिका,

गाउँ कार्यपालिकाको कार्यालय, मित्याल, पाल्पा।

विषयः बोलपत्र पेश गरेको बारे।

महोदय,

उपरोक्त सम्बन्धमा तहाँ कार्यालयको मिति .....गते प्रकाशित सूचना अनुसार आ.ब.२०८३/०८४ को नदिजन्य पदार्थ ढुंगा, गिट्टी, बालुवा संकलन, उत्खनन गरी विक्री गर्ने कार्यको ठेक्का प्रतिस्पर्धाको लागि संलग्न शर्त बन्देज तथा जानकारी अध्ययन गरी निम्न विवरण खोलि यो बोलपत्र पेश गरेको छु। मेरो बोलपत्र स्वीकृत भएमा त्यस गाउँ कार्यपालिकाको कार्यालय द्वारा निर्देशित शर्त तथा नियमहरु पालना गरि उक्त कार्य गर्न इच्छुक रहेको व्यहोरा अनुरोध गर्दछु।

मैले/यस फर्मले ठेक्का लिन चाहेको ठेक्काको विवरण र कबोल अंक यस प्रकार रहेको छ।

तपशिलः

ठेक्का नं.	घाटको विवरण	उत्खनन् परिमाण (घ.मि.)	न्यूनतम रकम (मु.अ.कर. बाहेक)	कबोल रकम	धरौटी रकम (मु.अ.क. र आयकर सहितमा) को ५ प्रतिशतले हुन आउने रकम
NCB/NRM/REVENUE/2083/084-02	Collection and Extraction of Kaligandaki Ghat, Nisdi-01 Palpa.	11,880	33,56,309.08		
अक्षेरुपी रु. :					

<u>बोलपत्र दाताको</u>

नामथरः

हस्ताक्षरः

फर्म वा कम्पनीको नाम र ठेगानाः

सम्पर्क नं.

फर्मको छापः

Nisdi Rural Municipality
Village Executive Office
Lumbini Province, Nepal
Mityal, Palpa

Purna Bahadur Chitaure
Chief Administrative Officer

<u>बोलपत्र सम्बन्धि शर्तहरुः-</u>

१. बोलपत्र फारम खरिद गर्न निस्दी गाउँपालिकाको लक्ष्मी सनराईज बैंक पाल्पा शाखामा रहेको खाता नं. NISDI GAUNPALIKA GA 1.1 ANTAKIR RAJASHWO KHATA 0870560818703006 मा दरभाउपत्र दस्तुर रु.३०००/- (अक्षरुपी रुपैया एक हजार मात्र।) जम्मा गरेको सक्कल भौचर पेश गरेर ७ औं दिनको १२:०० बजे भित्र खरिद गर्न सकिनेछ ।

२. बोलपत्र फारम मिति २०८३/०७/१४ गते दिनको दिउसो १२:०० बजे सम्म website:- www.ppmo.gov.np/egp. पेश गरि सक्नु पर्नेछ।सोही दिनको दिउसो १:०० बजे यस कार्यालयमा दरभाउपत्र खोलिनेछ । दरभाउपत्र साथ आफुले कवोल गरेको कर सहितको रकमको कम्तिमा **५ प्रतिशत** धरौटी रकम निस्दी गाउँपालिकाको सनराईज बैंक पाल्पा शाखामा रहेको खाता नं. NISDI GAUNPALIKA GA 1.1 STHANIYA TAHA DHARAUTI KHATA 0870560818703003 मा जम्मा गरेको **सक्कल बैंक भौचर** पेश गर्नुपर्नेछ वा **राष्ट्र बैंकबाट क श्रेणीको मान्यता प्राप्त बैंकको कम्तिमा १२० दिन म्याद रहेको बैंक ग्यारेन्टि** पेश गर्नुपर्नेछ।

३. दरभाउपत्र पेश गर्दा कबोल गरेको रकम अङ्क र अक्षरमा स्पष्ट लेखु पर्नेछ। अङ्क र अक्षर फरक पर्न गएमा अक्षरलाई मान्यता दिइनेछ।

४. ठेक्का स्वीकृत पश्चात तोकिएको समय भित्र सम्झौता हुनु पुर्व नै कर सहितको कवुल रकमको प्रथम किस्ता वापत कवोल रकमको कम्तिमा ५० प्रतिशत कर सहितको रकम सम्झौता गर्न आउँदा यस कार्यालयको खातामा जम्मा गरिसकेको हुनुपर्ने छ। बाँकी ५० प्रतिशत रकमको हकमा नेपाल राष्ट्र बैंकवाट मान्यता प्राप्त क वर्गको वाणिज्य बैंकवाट यस कार्यालयको नाममा जारी गरिएको २०८३ श्रावण मसान्त सम्म म्याद भएको कार्य सम्पादन जमानत पेश गर्नु पर्नेछ।

५. रित नपुगी वा म्याद नाघी आएको दरभाउपत्र उपर कुनै कारवाही हुने छैन। दरभाउपत्र स्विकृत गर्ने वा नगर्ने अधिकार यस कार्यालयमा निहित रहनेछ।

६. तोकिएको किस्ता म्याद भित्र नबुझाएमा गाउँपालिकाको तर्फबाट ठेक्का तोडी बाँकी रहेको किस्ता बैंक ग्यारेन्टी बाट १० प्रतिशत थप क्षतिपूर्ति समेत जोडी सरकारी बाँकी सरह असुल उपर गरिनेछ।

७. ठेकेदार र गाउँपालिका विच ठेक्का शर्तहरुका सम्बन्धमा कुनै विवाद उठेमा निस्दी गाउँपालिकाको निर्णय अन्तिम र मान्य हुनेछ। यसमा ठेकेदारको कुनै उजुर लाग्ने छैन।दरभाउपत्र स्विकृत भई सम्झौता हुँदा वातावरण संरक्षण ऐन नियमावली लगायत प्रचलित ऐन नियमानुसारका शर्त तथा बन्देज पालना गर्नुपर्नेछ।

८. घाटसम्म जाने बाटोको निकास आफै व्यवस्थापन गर्ने जिम्मेवारी स्वयं बोलपत्रदाताको हुनेछ।

९. उल्लेखित परिमाण आ.ब.को जेष्ठ मसान्तको समयावधिमा विक्री गर्नु पर्नेछ। त्यसका लागि बोलपत्रदाताले कुनै क्षतिपुर्ति वा हर्जनाको माग गर्न पाउने छैन।

१०. बोलपत्रका सम्बन्धमा थप केहि बुझ्नु परेमा कार्यालय समयमा राजश्व शाखा/पूर्वाधार शाखा/लेखा शाखा/प्रसासन शाखामा सम्पर्क गरि बुझ्न सकिनेछ, साथै विस्तृत विवरण बोलपत्र फाराम साथ उपलब्ध गराइनेछ।

Hirdi Rural Municipality
Village Executive Office
Lumbini Province, Nepal
Mityal, Palpa

Purna Bahadur Chitaure
Chief Administrative Officer

११. बोलपत्रदाताले आफूले निकासी गरेको परिमाणको विक्री विवरण अनिवार्य रुपमा गाउँपालिकामा मासिक रुपमा पेश गर्नुपर्नेछ।

१२. शर्तहरु नेपाल सरकारवाट जारी भएको ढुंगा, रोडा, गिट्टी र बालुवा उत्खनन् तथा व्यवस्थापन सम्बन्धी मापदण्ड, २०७७ र प्रचलित कानून बमोजिम हुनेछ। नेपाल सरकार, प्रदेश सरकार र गाउँपालिकाले समय समयमा दिएका निर्देशनहरु पालन गर्नु बोलपत्रदाताको कर्तव्य हुनेछ।

१३. ठेक्का खोल्ने र दरभाउपत्र पेश गर्ने अन्तिम दिन सार्वजनिक विदा परेमा सो लगत्तै कार्यालय खुल्ने दिनलाई दरभाउ पत्र बुझाउने र खोल्ने दिन मानिनेछ।

१४. बोलपत्रदाताले ढुङ्गा, गिटी, बालुवाको निकासी, जे जस्तो अवस्थामा छ सोहि अवस्थामा एकमुष्ट हिसाबले गर्नुपर्नेछ।

१५. बोलपत्र दाताले यस आ.ब.को असार मसान्तसम्ममा सम्पूर्ण निकासी गरि सक्नु पर्नेछ।

१६. यस सूचनामा उल्लेखित बाहेक अन्य कुराको हकमा ढुङ्गा, गिटी, बालुवा उत्खनन्, बिक्री तथा व्यवस्थापन सम्बन्धी मापदण्ड, २०७७ (सशोंधन २०८० समेत), लुम्बिनी प्रदेश आर्थिक ऐन र अन्य प्रचलित कानून बमोजिम हुनेछ।

थप जानकारीका लागि मो नं. ९८५७०७९२०९, ९८५७०७९२१० र ९५७०७९२०५ मा सम्पर्क गर्न सकिनेछ।